**नेपाल बीमा प्राधिकरण**
**कुपण्डोल, ललितपुर,**

**ध्यानाकर्षण सम्बन्धमा ।**

**श्री इजाजतपत्र प्राप्त सम्पूर्ण बीमा अभिकर्ताहरु,**

उपरोक्त सम्बन्धमा, इजाजतपत्र प्राप्त बीमा मध्यस्थकर्ताले विभिन्न संस्थाको व्यवसायमा प्रतिकुल असर पर्ने गरी बीमा सम्बन्धी गलत तथा भ्रामक प्रचारप्रसार गरिरहेको भनी प्राधिकरणमा उजुरी/गुनासो प्राप्त हुन आएका छन् । बीमा अभिकर्ता सम्वन्धी निर्देशन, २०८३ को दफा १९ सँग सम्बन्धित बीमा अभिकर्ताको आचार संहिताको अनुसूची १ को २(ज) **भ्रामक प्रचारप्रसारः आफू बीमा अभिकर्ता नभएको कुनै पनि बीमकको बारेमा वा आफूले प्रतिनिधित्व गर्ने बीमकको क्षमताको बारेमा गलत वा अतिरञ्जित प्रचार प्रसार गर्न नहुने** स्पष्ट व्यवस्था रहेको छ ।उक्त प्रावधान विपरितका कार्यहरु भईरहेको सम्बन्धमा प्राधिकरणको गम्भीर ध्यानाकर्षण भएको छ।

तसर्थ, बीमा ऐन, २०७९ तथा आचारसंहिताको विपरीत हुने गरी कुनै पनि किसिमका भ्रामक, अतिरञ्जित तथा अनधिकृत प्रचारप्रसार गर्ने गराउने कार्य तत्काल बन्द गर्न सम्पूर्ण इजाजतपत्रप्राप्त बीमा कम्पनी तथा सम्वन्धित मध्यस्थकर्ताहरुलाई यसै पत्र मार्फत निर्देश गरिन्छ । भविष्यमा यस्ता गतिविधिहरु भएको पाइएमा प्रचलित कानून वमोजिम कारबाही गरिने व्यहोरा समेत यसै साथ सूचित गरिन्छ ।

२०८३/०५/०८

**मध्यस्थकर्ता व्यवस्थापन शाखा**
**नेपाल बीमा प्राधिकरण**

नेपाल बीमा प्राधिकरण
INSURANCE AUTHORITY

**बोधार्थः**

**इजाजतपत्र प्राप्त सबै बीमकहरु ।**